वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ,क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

वर्ष ८ अंक १६१ श्रेणी 'क' २०७२ चैत्र ३ गते बुधबार 16 March 2016 पृष्ठ ६ मूल्य रू. ५/-

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

कार्यक्रम समितिको बैठक सकियो

आज स्थायी समिति, भारत-पाकिस्तानबीच द्विपक्षीय वार्ता पनि आजै

गोल्डेन न्यूज संवाददाता
पोखरा २ चैत्र ।

दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को ३७ औँ मन्त्रिपरिषद् बैठकको पूर्वसन्ध्यामा हिजोदेखि पोखरामा जारी कार्यक्रम समितिको ५२ औं बैठक आज हुने स्थायी समितिको बैठकमा प्रस्तुत हुने प्रतिवेदन अनुमोदन गर्दै मंगलबार सम्पन्न भयो । बैठकले साउथ एशियन युनिभर्सिटी, सार्क डेभलपमेन्ट फन्ड, सार्क आर्विटेसन काउन्सिल, साउथ एशियन रिजनल स्टाण्डर्डस् अर्गनाइजेसन लगायत नयाँ विषयको रुपमा सामुदायिक वनको प्रतिवेदन उपर छलफल गरी एजेन्डालाई अन्तिम रुप दिएको छ । त्यसै गरि कृषि, भेटेनरी, कृषि बैक, योजनामा आधारित सहयोग, आतंकवाद र लागू औषध, सूचना र संचार, सार्क क्षेत्रीय केन्द्रको प्रशासन र आर्थिक विषय, सार्क इनर्जी सेन्टरको क्रियाकलाप, क्षेत्रीय योजना परिषद् स्थापना, सार्क क्यालेन्डर पुनरावलोकन बारे छलफल भएको छ ।

परराष्ट्र मन्त्रालयका सहसचिव सम्मिलित उक्त बैठकको निर्णय स्थायी समितिमा लैजाने एजेन्डाबारे निर्णयस्वरुप अन्तिम रुप दिइएको परराष्ट्र मन्त्रालय सार्क महाशाखा प्रमुख एवं कार्यक्रम समिति संयोजक सहसचिव मणिप्रसाद भट्टराईले जानकारी दिए । सोमबार साँझ आयोजित पत्रकार सम्मेलनमा सहसचिव भट्टराईले दिएको जानकारी अनुसार विभिन्न ८ विषयका प्रस्तावमाथि छलफल भएको छ । उनले छलफल अत्यन्तै सौहार्दपूर्ण र उत्साहजनक भएको र पोखरा बैठकले सार्क सदस्य राष्ट्रलाई अझै मजबुद हुने बताए । बैठक अध्यक्षता परराष्ट्र मन्त्रालय सार्क महाशाखा प्रमुख भट्टराईले गरेका थिए । बैठकमा फिप्टी-सेकेन्ड अफ द प्रोग्रामिङ कमिटी अन्तर्गत ८ राष्ट्रका परराष्ट्र मन्त्रालयका सहसचिव लगायत व्यक्तिहरुको सहभागिता रहेको थियो । प्रत्येक सदस्य राष्ट्रबाट ३ देखि ५ जनासम्मको सहभागिता थियो । बैठकमा ३७ जना सहभागी थिए । बुधबार तेस्रो दिन स्थायी समिति बैठक हुनेछ । अन्तिम दिन ४ चैतमा परराष्ट्र मन्त्रीस्तरीय बैठक संचालन हुनेछ ।

परराष्ट्र मन्त्रीपरिषद्को दिनको बैठकको प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम छ । मन्त्रीस्तरीय बैठकमा सहभागी हुन नेपालका तर्फबाट उपप्रधान एवं परराष्ट्रमन्त्री कमल थापा, अफगानिस्तानका उपविदेशमन्त्री हिक्मत खालिद काजाई मंगलबार पोखरा आएका छन् ।

यसैबीच पोखरामा जारी सार्क मन्त्रीस्तरीय बैठकका दौरान भारत र पाकिस्तानबीच द्विपक्षीय वार्ता हुने भएको छ । भारतीय मिडियाका अनुसार बैठकमा सहभागी हुन आएका भारतीय विदेशमन्त्री सुष्मा स्वराज र पाकिस्तानका प्रधानमन्त्रीका वैदेशिक मामिला सल्लाहकार सर्ताज अजिजबीच वार्ता हुनेछ । भारतीय उच्च स्रोतलाई हवाला दिँदै लेखिएको छ, 'स्वराज र अजिजबीच चैत ४ गते पोखरामा वार्ता हुने भनिएको छ । यद्यपि यस विषयमा भारतीय पक्षले आधिकारिक जानकारी दिएको छैन ।' भेटका दौरानका अजिजले भारतीय विदेशमन्त्री सवाराजलाई यसै वर्ष पाकिस्तानमा हुने सार्क सम्मेलनमा भाग लिनका लागि पाकिस्तानी प्रधानमन्त्री नवाज सरिफको भारतीय समकक्षी नरेन्द्र मोदीलाई निम्तो हस्तान्तरण गर्ने बताइएको छ । अजिजले यही विषयमा सम्मेलनमा भाग लिन आएका अन्य देशका प्रतिनिधिहरु सँग पनि भेट गर्नेछन् । १९ औं सार्क शिखर सम्मेलन यही वर्षको नोभेम्बर महिनामा पाकिस्तानको इस्लामाबादमा हुने भनिएको छ । गत वर्षको डिसेम्बर ९ मा दुई देशले विस्तृत द्विपक्षीय संवादको थालिने गर्ने घोषणा गरेपछिको पहिलो वार्ता हुनेछ । मन्त्रीस्तरीय बैठककै दौरान भारतका विदेश सचिव एस जयशंकर र पाकिस्तानी समकक्षी अइजाज अहमद चौधरीबीच पनि वार्ताको वातावरण मिलाइदै गरेको समाचारमा उल्लेख छ । जनवरी २ मा भारतको पठानकोटमा भएको आतंकवादी हमलापछि दुई देशबीचको सम्बन्ध चिसिएको छ । यसअघि डिसेम्बर २५ का दिन मोदीले सरिफको जन्मदिनमा लाहोरको आकस्मिक भ्रमण गरेका थिए ।

पेस्तोल देखाएर रकम लुट्ने पक्राउ

गोल्डेन न्यूज संवाददाता
पोखरा २ चैत्र ।

पोखराको पृथ्वीचोक स्थित एक मनि ट्रान्फरमा हतियार देखाएर रकम लुटी भाग्न खोज्नेलाई स्थानियले समातेर प्रहरीको जिम्मा लगाएका छन् । पोखरा ८ शिवालय मार्ग स्थित सभ्यता मनि ट्रान्सफरबाट झण्डै साढे ६ लाख रुपैया लुटेर भाग्दै गरेका सुनसरी धरानका प्रशान्त थापामगर हतियार सहित पक्राउ परेका छन् ।

मनि ट्रान्सफरका कर्मचारीलाई एयरगन देखाएर ६ लाख ४५ हजार पाँच सय रुपैया लुटेर भाग्न खोज्दा स्थानियले नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका हुन् । विहान झण्डै साढे १० बजेर मनि ट्रान्सफर भित्र छिरेका थापामगरले ढोकाको चुक्कुल लगाएर भित्र रहेका कर्मचारीलाई डर देखाउदै झोलामा रकम राख्न लगाई भाग्न खोजेका थिए।

रकम लिएर वाहिर निस्किए पछि एक जना कर्मचारी वाहिर निस्किएर चिच्याएपछि मोटरसाईकल छोडर भागेका उनलाई स्थानीयले समातेका थिए । मनि ट्रान्सफरकी कर्मचारी सभ्यता गुरुङले भित्र छिरेर हतियार देखाउदै भएको सबै रकम झोलामा राख्न लगाएको बताईन् । भित्र तीन जना महिला कर्मचारी थिए ।

रकम लुटेपछि उनीहरुसँग भएको मोवाईलको व्याट्री समेत निकालेर भाग्न खोजेका थापामगर कर्मचारीको हिम्मतको कारण समातिएका हुन् ।

लुटेरा वाहिर निस्किएपछि गुरुङ पनि वाहिर निस्किएर चिच्याएकी थिइन् । स्थानीयले खवर गरेपछि प्रहरी पुगेको थियो । थापामगरले प्रयोग गरेको बा २४ प ४०७९ नम्बरको मोटरसाईल पनि प्रहरीले नियन्त्रणमा लिएको छ । उनलाई जिल्ला प्रहरी कार्यालय कास्कीमा राखिएको छ । सो मनि ट्रान्सफरबाट दुई बर्ष अघि पनि झण्डै ४ लाख रुपैयाँ लुटिएको थियो । तर लुटेराको पहिचान हुन सकेको थिएन ।

पोखराको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण हुने अपेक्षा

वासुदेव पौडेल
पोखरा २ चैत्र ।

काठमाडौँबाहिर पहिलोपटक पोखरामा भइरहेको सार्क मन्त्रिपरिषद्को बैठक हुनुलाई यस क्षेत्रको पर्यटकीय विकासका लागि निकै महत्वपूर्ण हुने अपेक्षा गरिएको छ । भूकम्प र नाकाबन्दीका कारण लगभग वर्षभर नै पर्यटन प्रभावित बनेका कारण निराश बनेका पोखराका पर्यटन व्यवसायीले भइरहेको सार्क मन्त्रिपरिषद्को बैठकलाई पोखराको पर्यटकीय प्रवर्द्धनका लागि महत्वपूर्ण अवसरका रूपमा लिएका छन् । प्रकृतिको वरदानका रूपमा रहेको पर्यटकीय स्थल पोखरामा सार्क मन्त्रिपरिषद्को बैठक हुनु यस क्षेत्रकै गौरवको विषय भएको रेस्टुरेन्ट एन्ड बार एशोसिएशन (रेवान) पोखराका अध्यक्ष गोपीबहादुर भट्टराईले बताए । सार्क राष्ट्रबाट पोखरा आउने विशिष्ट पाहुना ती देशको सरकारका आधिकारिक व्यक्तित्व भएको हुँदा पनि उनीहरूलाई पोखराको वास्तविक सुन्दरताको अवलोकन गराउने व्यवस्था नेपाल सरकारले मिलाउनुपर्ने उनको भनाइ छ । पोखराको पर्यटकीय आकर्षणलाई अवलोकन गराएर सार्क राष्ट्रबाट पर्यटक आउने अवस्था सिर्जना गर्नका लागि अहिलेको अवसरलाई सरकारले अधिकतम उपयोग गर्न सक्नुपर्ने भट्टराई बताउछन् । "पोखराको दृश्यावलोकन गराउनुका साथै सार्क मन्त्रिपरिषद्को बैठकमा नेपालको पर्यटकीय सम्भावना र विकासलाई पनि सरकारले एजेन्डाका रूपमा लैजानुपर्छ," उनले भने-"भूकम्प र नाकाबन्दीपछि प्रभावित यहाँको पर्यटनलाई दीर्घकालीन रूपमा अघि बढाउन यस किसिमको विशिष्ट बैठक उपयोगी हुने विश्वास लिएका छौं ।" भट्टराई जस्तै पर्यटनविद् नीलकण्ठ शर्मा पनि पोखरामा जारी मन्त्रिपरिषद्को बैठकमा आउने विशिष्ट पाहुनालाई यहाँको पर्यटकीय रसास्वादन गराउनुपर्ने बताउछन् । पोखराका पर्यटकीय पूर्वाधार प्रकृतिको अनुपम उपहार भएको बताउँदै उनले यिनको चर्चा आधिकारिक रूपमा सार्क राष्ट्रमा प्रवाह गर्नका लागि पोखरामा जारी मन्त्रिपरिषद् बैठक महत्वपूर्ण अवसर भएको बताए । "विश्वमै दुर्लभ किसिमको विविधतायुक्त हावापानी र वातावरण पोखरामा छ," उनले भने,-"संसारको कुनै पनि ठाउँमा

बाँकी अन्तिम पृष्ठमा......

कांग्रेसमा को बन्लान् उपसभापति र महामन्त्री ?

बिष्णु बुढाथोकी
काठमाडौं २ चैत्र ।

नेपाली कांग्रेसको पुरै चुनाव परिणाम बाहिर आइसकेपछि धेरैको ध्यान अब नवनिर्वाचित पार्टी सभापति शेरबहादुर देउवाले पार्टी उपसभापति र महामन्त्रीमा कसलाई मनोनित गर्छन् भन्नेमा केन्द्रित भएको छ। पार्टी विधानअनुसार निर्वाचित सभापतिले तीन पदाधिकारी मनोनयन गर्न सक्छन्। तिनको अनुमोदन भने केन्द्रीय कार्यसमितिले गर्छ। केन्द्रीय समितिमा अहिले नै सुविधाजनक बहुमतमा रहेका सभापतिका अनुमोदनको अड्को छैन, त्यसमाथि पनि उनलाई थप २१ जना केन्द्रीय सदस्य नियुक्त गर्ने सुविधा विधानले दिएको छ। तर आफ्नै सहयोगीहरुको आकांक्षाको व्यवस्थापन उनका लागि ठूलो चुनौतीको विषय हो।

वर्षौंदेखि देउवासँगै बसेर उनलाई सहयोग गर्दै आएका नेपाली कांग्रेसका थुप्रै युवा नेताहरू छन्। जसका कारण देउवा समूह पार्टीभित्र अल्पमतमा रहँदा पनि सशक्त रह्यो र अहिले बहुमतमा पनि पुगेको छ। विमलेन्द्र निधि, ज्ञानेन्द्रबहादुर कार्की, पूर्णबहादुर खड्का, बालकृष्ण खाँण, प्रकाशशरण महत, रमेश रिजाल लगायतका नेताहरु देउवा पक्षका प्रमुख अनुहार हुन्। सिद्धान्ततः उनीहरु नै देउवाले नियुक्त गर्ने पदाधिकारीका सशक्त दाबेदार हुन्।

तर देउवाको यसपालिको जितमा माथि उल्लेखित नेताहरुको मात्र भूमिका छैन। महाधिवेशन प्रतिनिधिहरुको चयन भएपछि देउवा पक्षको आन्तरिक मूल्यांकनमा आफूहरु केही मत पछाडि परेको विश्लेषण थियो। विजयका लागि थप मत तान्नुपर्ने आवश्यक देखियो। देउवाका लागि रामचन्द्र पौडेल पक्षको मत तान्नु आवश्यक थियो नै। जितका लागि खुमबहादुर खड्काको सहयोग अनिवार्य बन्यो। देउवाले खड्कासँग पटक-पटक भेटवार्ता गरेर अधिवेशन सुरु हुनु दुई दिन अघिमात्रै उनलाई आफ्नो पक्षमा उभिन सहमत गराए। देउवासँगको भेटवार्तापछि खड्का यसपटक कुनै लिखित सम्झौताबिना नै देउवालाई सहयोग गर्ने राजी भए।

पार्टीको १२औं महाधिवेशनमा मनोनित उपसभापतिसहित कोषाध्यक्ष र मनोनित सहमहामन्त्री पदको लिखित सम्झौतापछि मात्र खड्काले देउवालाई सहयोग गरेका थिए। अहिले चुनाव जितेपछि खड्कालाई ल्याएर पदाधिकारी नियुक्ति गर्ने अवस्थामा देउवा छैनन्।

सभापति देउवासँग यी सबै आकांक्षीलाई सन्तुष्ट गर्न जम्मा तीन पद छन्-उपसभापति, महामन्त्री र सहमहामन्त्री। सभापति देउवाको सबैभन्दा ठूलो चुनौती भनेको खुमबहादुर खड्काको व्यवस्थापन नै हो। उनी स्वयं उपसभापतिको आकांक्षी छन्। तर उपसभापतिमा उनका राजनीतिक उत्तराधिकारी विमलेन्द्र निधिका आँखा छन्।

देउवालाई यिनीहरु दुईमध्ये एक उपसभापति र अर्कोले महामन्त्रीमा मनोनित हुन स्वीकारे सजिलो हुन्थ्यो तर उनीहरू दुबैका आँखा उपसभापतिमा मात्र छैनन्, दुबै मनोनित महामन्त्री बन्न चाहँदैनन्। निधिका लागि अहिले मनोनित महामन्त्री बन्नु भनेको पार्टीभित्रको बरियता क्रममा निर्वाचित महामन्त्री शशांकभन्दा तलमात्रै पर्ने होइन कि १४औं महाधिवेशनमा पनि नेतृत्वमा पुनः स्थापित हुन कठिन बाटो तय गर्नु हो। अर्कोतिर मनोनित उपसभापति हुनु भनेको एकतिर बरियता क्रममा पनि माथि रहनु हो भने अर्कोतर्फ सभापति विदेश भ्रमणमा रहेको बखत कार्यवाहक सभापतिको जिम्मेवारी स्वतः पाउनु हो।

त्यसबाहेक पार्टी विधानको दफा ३६ अनुसार पार्टीको केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानको प्रमुखको रुपमा पार्टी संगठनमा क्रियाशील हुँदै नेतृत्वमा स्थापित हुन सकिने कुरा निधिले राम्रोसँग बुझेका छन्। खड्का र निधिबीच रोज्नु परेमा देउवाको रोजाइमा निधि नै पर्नेमा कुनै शंका छैन।

तर आफ्नो व्यक्तिगत स्वास्थ्य र समस्याका बाबजुद् कार्यकर्ता माझ उभिएर मत मागेका नेता खड्कालाई कसरी सम्झाउने भन्ने असजिलो देउवाका लागि छ। फेरि यसपटक निर्वाचित केन्द्रीय समितिमा खड्काको उपस्थिति तुलनात्मक रुपमा बलियो छ। अहिले भन्नका लागि देउवा पक्षका ३६ निर्वाचित सदस्य भनिएपनि तीमध्ये, पुष्पा भुसाल, शंकर भण्डारी, अजय चौरसिया र देवेन्द्रराज कँडेल खड्काको निर्देशनअनुसार चल्ने सदस्य हुन् भने पूर्णबहादुर खड्का र मोहन बहादुर बस्नेतलाई पनि खड्काकै नजिक मानिदै आएको छ।

यदि देउवाले खड्कालाई पार्टीभित्र सम्मानजनक स्थान दिन सकेनन् भने उनको समर्थन देउवालाई रहिरहन्छ भन्ने छैन। फेरि देउवालाई अर्को महाधिवेशन पनि लड्नु छ। अर्कोपटक उनको प्रतिस्पर्धी सम्भवतः शशांक कोइराला हुनेछन्। त्यसैले पनि खड्काले आफ्नो साथ छोड्नु भन्ने देउवा चाहदैनन्। निधि र खुमबहादुर दुबैले महामन्त्री बन्न नचाहेको अवस्थामा कसलाई महामन्त्री बनाउने भन्ने चुनौती पनि देउवालाई छ। त्यसपछि उनकै समूहका आकांक्षी धेरै हुनेछन्, तर देउवाले कुनै एकमाथि महामन्त्रीका लागि भरोसा गरेको देखिन्न। सहमहामन्त्री पदमा अघिल्लो संस्थापन पक्षले देखाएको 'उदारता' कायम राख्ने हो भने देउवाले अर्को पक्षलाई दिनु पर्नेछ। बाह्रौं महाधिवेशनपछि सभापति सुशील कोइरालाले सहमहामन्त्रीमा देउवाको सिफारिसमा पूर्णबहादुर खड्कालाई नियुक्त गरेका थिए। सहमहामन्त्रीका लागि अर्को पक्षबाट महेश आचार्य देउवाका नजरमा छन् भन्ने धेरैको अनुमान छ। देउवाले कसरी सन्तुलन मिलाएर तीन पदाधिकारीमा नियुक्त गर्छन् उनको पहिलो परीक्षण त्यही हुनेछ।

प्रमाणपत्र दिइने

काठमाडौं २ चैत्र ।

नेपाली कांग्रेसको १३ औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारी र सदस्यहरुलाई बुधबार निर्वाचित भएको प्रमाणपत्र वितरण गरिने भएको छ । नेपाली कांग्रेस केन्द्रीय निर्वाचन समितिले पदाधिकारीसहित ६१ सदस्यीय केन्द्रीय समितिलाई बुधबार अपरान्ह चार बजे प्रमाणपत्र वितरण गर्न लागेको हो । गत फागुन २० गतेदेखि २३ गतेसम्म कांग्रेसको १३ औं महाधिवेशन भएको थियो । महाधिवेशनबाट सभापतिमा शेरबहादुर देउवा, महामन्त्रीमा शशांक कोइराला र कोषाध्यक्षमा सितादेवी यादव निर्वाचित भएका छन् । यसैगरी केन्द्रीय सदस्यहरुको निर्वाचनको सबै मतपरिणाम मंगलबार मात्रै आएको थियो ।

शिक्षामन्त्री पोखरेल पोविविमा

गोल्डेन न्यूज संवाददाता
पोखरा २ चैत्र ।

नेपाल सरकारका शिक्षा मन्त्री गिरीराजमणि पोखरेलले अबको युगमा विश्वविद्यालय परिवर्तनका संवाहक रहेको बताएका छन् । मंगलबार अचानक पोखरा विश्वविद्यालयको निरीक्षणमा आएका मन्त्री पोखरेलले अबको ५० वर्ष पछाडि नेपाल कस्तो वन्ने ? भन्ने विश्वद्यिलयको गतिविधिमा भरपर्ने उनले बताए । विश्वविद्यालयको दीक्षान्त समारोह नजिकिँदै गर्दा गरिएको भ्रमणले सोही दिन केही महत्वपूर्ण निर्णय गरिएको बताइन्छ । स्थानीय नेता, कर्मचारी, पदाधिकारी, पत्रकार लगायत स्थानीयको सहभागिता रहेको कार्यक्रमलाई सम्वोधन गर्दै मन्त्री पोखरेलले शैक्षिक नियमहरु २०४० पछाडि संशोधन नभएकोले त्यसलाई परिवर्तन गर्न त्यसवारे जानकारी लिन अकस्मात् पोखरा आएको बताए ।

कार्यक्रममा पोखरा विश्वविद्यालयका उपकुलपति डा. चिरञ्जीवी शर्माले विश्वविद्यालय देशमा धेरै तालावन्दी भईरहनेमा चर्चा पाएकोले त्यसलाई चिर्न सरकारदेखि स्थानीयवासी सम्मको सहयोग आवश्यक रहेको बताए । उपकुलपति डा.शर्माको अध्यक्षता मा भएको कार्यक्रम रजिष्ट्रार गोविन्द शर्माले सञ्चालन गरेका थिए ।

सुन्दर हेयर एण्ड ब्युटी

हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension गर्नुका साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेकी केयर, पेडी केयर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।

सम्पर्क: ९८४६८५९३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

BABIN TAILORING
Shirting & Suiting

बबिन टेलरिङ नै किन ?
- तपाईंले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईंले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ मेशिन प्रयोग गरिने,
- यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।

[illegible]

बबिन टेलरिङ सटिङ्ग एण्ड सुटिङ्ग
[illegible]
DIGJAM
Ashvira
OCM

■ दु:खको बेलामा नै मानिसको पहिचान हुन्छ ।

- पूर्वराजा वीरेन्द्र शाह

सम्पादकीय ...

अपराध गर्नेलाई नछाड

नेपालमा सांसदका विभिन्न काण्डहरु सार्वजनिक भइरहेका हुन्छन् । भट्टीदेखि सुन्दरी काण्डका फेहरिस्त नेपाली जनतालाई जगजाहेरै छ । सांसदजस्तो सम्मानित पदमा रहेका व्यक्तिले आफ्नो मर्यादाको ख्याल नगर्दा आलोचित बन्ने गरेका छन् । राजनीतिक पार्टीको संरक्षणमा र शक्तिको आडमा रक्षकहरु नै भक्षक भएका दृष्टान्त हामीले सुन्दै र भोग्दै आएका छौं । सुरुवातदेखि नै विवादित छवि बनाएका एमाओवादीका सांसद ल्हारक्याल लामाले आफ्नो मर्यादा बिर्सेर आपराधिक गतिविधि गरेका छन् । गैरकानूनी रुपमा अकुत सम्पत्ति आर्जन गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानविन गर्दा दरवारमार्गस्थित इन्भेष्टमेन्ट बैंकमा रहेको लामाको लकरबाट १४ राउण्ड गोली फेला परेपछि उनको अपराधको राज खुलेको हो । अनियमितताबारे छानविन भइरहेका बेला बिनादर्ता गैरकानुनी रुपमा गोली फेला परेकाले लामालाई महानगरीय प्रहरीले हातहतियार तथा खरखजाना ऐनबमोजिम अनुसन्धान गरिरहेको छ । बैंक लकरमा कानूनले वर्जित गरेका सामान राख्न नपाइने कानूनी व्यवस्थाको खिलाफ गर्दै लामाले अवैध रुपमा गोली राखेको भेटिएको हो । फौजदारी अभियोग लागेका कारण लामाको सांसद पद निलम्बनमा परेको छ । सांसदजस्तो मर्यादित पदमा रहेका व्यक्तिले आपराधिक काम गर्नु लज्जास्पद कुरामात्रै होइन, नेपालको कानुनलाई खिल्ली उडाउनु हो । यस्ता अपराधीको आपराधिक गतिविधिबारे विस्तृत अनुसन्धान गरी यर्थार्थ विवरण सार्वजनिक हुनु जरुरी भएको छ । विगतदेखि नै फरक-फरक नाममा नागरिकता लिएको भनी चर्को आलोचना भएको थियो । नागरिकता प्रकरणमा मुछिएका ल्हारक्यालका विविध काण्डको सञ्चारमाध्यमले खुलासा गर्दै आएका थिए । यस्तो विवादास्पद व्यक्तिलाई एमाओवादीले संरक्षण र उन्मुक्ति दिँदै आएको थियो । नेपाली कांग्रेसको आवरणबाट राजनीतिमा छिरेका लामाले शक्तिकेन्द्रमा रहेका व्यक्ति तथा दलहरुलाई समेत भरपूर प्रयोग गर्न भ्याएका थिए । एमाले पार्टीमा छिरेर नेतालाई प्रभावमा पार्दै पहिलो संविधानसभामा उनी सभासद् बनेका थिए । तत्कालीन झलनाथ खनालको मन्त्रिमण्डलमा अर्थराज्यमन्त्री बनेका उनी नागरिकता प्रकरणमा चौतर्फी आलोचना भएपछि राजीनामा दिन बाध्य भएका थिए । एमालेमा राज गरेपछि उनी एमाओवादी अध्यक्ष पुष्पकमल दाहालसँग नजिकिए । दाहालको प्रदक्षिणा गरेपछि दोस्रो संविधानसभामा सिन्धुपाल्चोकका सभासद् जिताउन लागिपरेका थिए । लामाको विवादास्पद छविबारे जानकार हुँदाहुँदै दाहालले उनलाई समानुपातिकबाट संविधानसभा सदस्य मनोनित गरेका थिए । एउटा अपराधीलाई सबै पार्टीमा छाउन सक्ने राजनीतिक हैसियत कसरी प्राप्त हुन सक्छ ? यो सवाल आमजनताको हो । आफ्ना काला कर्तुत छोप्न र राजनीतिक आवरणमा आपराधिक कर्म गर्न लामाले सबै पार्टीका नेताहरुको नाडी छामिसकेका छन् । आर्थिक चलखेल नभई उनी पार्टीमा कसरी संरक्षित हुन सक्छन् ? एउटा इमान्दार कार्यकर्ता पार्टीकै लागि आफ्नो सपनालाई तिलाञ्जली दिन विवश हुनुपरेको नेपाली राजनीतिमा ल्हारक्वालजस्ता अपराधी र भ्रष्टहरुको दबदबा हुनु दुर्भाग्य हो । नेपालमा राजनीतिक आवरणमा आपराध बढ्नुमा ल्हारक्यालजस्ता अपराधीलाई प्रश्रय दिनु हो । अकुत सम्पत्ति कमाएको अभियोगमा अनुसन्धान हुँदै गर्दा खरखजाना मुद्दासमेत उनीमाथि लागेको छ । राजनीतिलाई नै फोहोरी बनाउने यस्ता अपराधीको प्रभावबाट पार्टी तथा नेताहरु मुक्त नभएसम्म अपराधको राजनीतिकरण र राजनीतिको आपराधिकरण हुन जान्छ । नागरिकता प्रकरणदेखि लुकेका आपराधिक श्रृंखलाहरुको पर्दाफास गरी विभिन्न कसुरमा अनुसन्धान गरिनुपर्दछ । एउटा अपराधीलाई उन्मुक्ति दिनु भनेको सयौं अपराधीको जन्म गराउनु हो । यस सत्यलाई मनन् गरी ल्हारक्यालको कसुरबमोजिम कानूनी कारबाही गर्नु जरूरी छ ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल चैत्र ३ गते बुधबार, तदनुसार मार्च १६ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामक: संवत्सर:, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । वसन्त ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार फाल्गुनशुक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज फाल्गुनशुक्लपक्षको अष्ठमी तिथि २१ घटि ५० पला अर्थात दिनमा ४ बजेर ५८ मिनेटसम्म त्यसउप्रान्त नवमी तिथि लाग्नेछ । आज सूर्य मीन राशिमा, चन्द्रमा मिथुन राशिमा अहोरात्र रहनेछ । आज दिनमान २९ घटि ५५ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर १४ मिनेटमा तुरुदेव मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ६ बजेर १२ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : नयाँ काम गर्ने जोश जाँगर बढ्नेछ, आम्दानीमा बृद्धि हुनेछ, व्यापारबाट लाभ पाईनेछ ।
वृष : सोचाइ विपरित काम हुनेछ, पारिवारिक चिन्ता बढ्नेछ, घरमा बस्न मन लाग्नेछैन ।
मिथुन : टाढाबाट धन आउनेछ, मानसिक शान्ति तथा आराम मिल्नेछ, शत्रु परास्त हुनेछ ।
कर्कट : व्यापार व्यवसायमा गिरावट, गरेको प्रयास असफल, स्वास्थ्यमा एक्कासि खराबी आउनेछ ।
सिंह : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ ।
कन्या : सामाजिक कार्य गरेरपनि जस पाइने छैन, यात्रामा झन्झट खेप्नु पर्ला सतर्क रहनुहोला ।
तुला : काममा अवरोध आउनेछ, आफ्नो इज्जतमा आँच आउन सक्छ, काम गर्दा चनाखो हुनुहोला ।
वृश्चिक : परिवारमा अशान्ति हुनेछ, आफन्तजनबाट धोका, वायुरोगले सताउनेछ ।
धनु : आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरू बढ्नेछन्, धर्मकर्ममा मन जानेछ, समय शुभ छ ।
मकर : पुरानो धन प्राप्त हुने, स्वास्थ्यमा क्रमिक सुधार हुनेछ, दिन सामान्य रहनेछ ।
कुम्भ : जमिन लाभ, नयाँ कार्यमा लगानी, महत्वपूर्ण उपलब्धि हाँसिल,दिन सबै प्रकारले शुभ रहने ।
मीन : जोखिममा काम गर्नु पर्नेछ, शत्रु भेद रहनेछ, अर्काको काममा समय बित्नेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

सिन्डिकेट तोडौं, आधुनिक बससेवा सञ्चालन गरौं

सूर्यराज आचार्य

कुनै पनि शहरको सार्वजनिक यातायात सेवाको गुणस्तरले शहरी यात्राको सहजता र प्रभावकारिता जनाउने मात्र नभई शहरको समग्र छविको प्रतिनिधित्व गर्दछ। विदेशीले अन्तर्राष्ट्रिय एअरपोर्टबाट निस्कनेबित्तिकै प्रयोग गर्ने ट्याक्सी, बस या रेल सेवा सार्वजनिक यातायातकै अङ्ग हुन्। विदेशी पर्यटक, बिजनेसम्यान या लगानिकर्ता जो भएपनि गन्तव्य देशको 'सभ्यपन' को पहिलो अनुभव सार्वजनिक यातायातको सेवाको स्तरमार्फत् बटुल्छन्। काठमाडौंका हकमा सार्वजनिक यातायातको अवस्था अत्यन्त नाजुक रहेको जगजाहेरै छ। यसका विविध कारण र निराकरणका उपायका बारे बहस जारी छ। काठमाडौं उपत्यकाको जनसंख्या केही दशक मै ६०/७० लाखको हाराहारीमा पुग्ने आँकलन गरिएको छ। जनसंख्यासँगै आर्थिक विकास र सम्वृद्धिले पनि गति लिने अपेक्षा छ। निजी सवारी साधनको प्रयोग बढ्दो क्रममा छ। तर अव्यवस्थित शहरीकरण, साँघुरा सडक र बढ्दो ट्राफिक जामलाई दृष्टिगत गर्दा सार्वजनिक यातायातको अवस्थामा आमुल सुधार गर्न अनिवार्य भएको छ। यसकालागि समग्र शहरी बससेवामा तत्काल आधुनिकिकरण, कम्तिमा ३र४ वटा मुख्य रुट समेटेर मेट्रो रेलको गुरुयोजना तयारी र पहिलो मेट्रो रेल लाइन अबको १०र१२ वर्षमा सञ्चालन गर्ने लक्ष्यका साथ आयोजनाको अध्ययन र डिजाइन गर्ने लगायतका नीतिगत पहल लिनु जरुरी छ।

काठमाडौंमा हाल सञ्चालित बस र माइक्रोबस सेवाको स्तर निकृष्ट तहमा झरेको छ। शहरका प्रमुख रुटमा समेत सार्वजनिक यातायातका मुख्य साधनका रुपमा गुडिरहेका माइक्रोबस भित्र कोचिएका यात्रुको अवस्थाले हाम्रो राजधानी शहरको यातायात व्यवस्थापनको पद्धति उपर यसबारेमा समान्य ज्ञान हुने जो कोहीलाई जिब्रो टोक्न बाध्य पार्दछ। शहरी सार्वजनिक यातायातका लागि कुनै पनि दृष्टिले उपयुक्त नहुने यस्ता सवारी साधनलाई कसरी र किन अनुमति दिइयो? काठमाडौंमा गुड्ने सार्वजनिक बस समेत जिर्ण र थोत्रा छन्। कतिपय बस त लामो रुटमा चलेर थोत्रिएपछि काठमाडौंका शहरी रुटमा चलाइएको छ। जबकि राजधानीका सडकमा चल्ने बस तुलनात्मक रुपमा नयाँ र स्तरीय हुनु पर्ने हो।

माथि उल्लेखित समस्याका बाबजुद् काठमाडौं उपत्यकाको सार्वजनिक बस यातायातलाई सुधार गर्दै आधुनिकिकरणतर्फ लिने केही आशलाग्दा पहलहरु देखिएका छन्। एसियाली विकास बैकको सहयोगले सञ्चालित आयोजना अन्तर्गत नेपाल सरकारले समग्र सार्वजनिक यातायात प्रणालीको रुट वर्गिकरण र डिजाइन गरी प्रमुख रुटमा सार्वजनिक यातायातका साना सवारी साधनलाई ठूला बसले प्रतिस्थापन गर्ने नीति अपनाएको छ। यसै सन्दर्भमा साझा यातायात र महानगरपालिकाको संयुक्त लगानीमा गुणस्तरीय सेवायुक्त ठुला बस खरिद गर्ने प्रक्रिया शुरु भइसकेको छ। हालै मात्र निजी क्षेत्रको महानगर यातायात प्रालिले ३९ वटा नयाँ र आधुनिक प्रविधियुक्त बस चक्रपथ परिक्रमा रुटमा सञ्चालनमा ल्याएको छ। निजी क्षेत्रको यो पहल काठमाडौंको सार्वजनिक यातायात सुधारका लागि साँच्चै आश लाग्दो छ।

महानगर यातायातले बससेवा उद्घाटन गरेको भोलिपल्ट नै यो पंक्तिकारले उक्त बसमा यात्रा गरेको थियो। समाचारमा उल्लेख भएअनुसार नै बस नयाँ र आकर्षक थिए। बस चालक र परिचायिका युनिफर्ममा थिए। परिचायिकाको यात्रुसँगको व्यवहार निकै शिष्टतापूर्ण थियो। बस रोक्नका लागि यात्रुले थिच्न मिल्ने बटमको व्यवस्था थियो। बसमा सिसिटिभी क्यामरा र वाईफाई जडान थियो (तर यी उपकरणहरु संचालनमा थिएनन्, र व्यवस्थापकले सेटअप भैसकेपछि एकरदुई दिनमै संचालनमा आउने बताए।) त्यस्तै यी बसमा यात्रुले बसको लोकेसन मोबाइल एप्समार्फत् थाहा पाउने प्रणाली समेत जडान हुनेछ।

महानगर यातायात बससेवाको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको निजी क्षेत्रको आफ्नै पहलमा हालको नियमन पद्धतिले तोकेकोभन्दा उच्च प्रविधि र गुणस्तरीय बससेवा बजारमा ल्याउनु हो। यो कम्पनीले अरु नया' बस सेवामा ल्याउने लक्ष्य पनि राखेको छ। थोरै संख्याका माइक्रोबस या मिनीबस मात्र स्वामित्वमा रहेका सयौं साना यातायात कम्पनी या व्यवसायीका लागि आधुनिक प्रविधिको प्रयोग सहज हुककदैन। धेरै बस सहितका ठुला कम्पनीले भाडा संकलनका लागि स्मार्ट कार्ड लगायतका आधुनिक प्रविधि सहजै अपनाउन सक्छन्। ठूलो लगानीसहितका ठूला कम्पनीको संलग्नताले गर्दा सार्वजनिक यातायात व्यवस्थापनमा व्यवसायिकता र उद्यमशिलताको विकास भई बससेवा यात्रुहरुको सुविधा र माग उपर बढी संवेदनशील हुन पुग्छ। महानगर यातायात प्रालिको नया' बससेवाको सञ्चालनसँगै काठमाडौंको सार्वजनिक बससेवा यो दिशातर्फ उन्मुख हुन सक्ने राम्रो सम्भावना देखिन्छ।

महानगर यातायात बससेवाको माथि उल्लेखित पक्षहरुमा यस पंक्तिकारको झट्ट र छोटो मूल्याङ्कन एकदमै सकारात्मक रह्यो। तर केही प्राविधिक पक्षमा भने सुधारको जरुरत देखिएको छ। बसको सिट लेआउटका बारेमा भने शहरी यातायातमा यात्रु चाप र यात्राको प्रकृतिलाई आवश्यक मात्रामा ध्यान नपुर्‍याइएको देखियो। खासगरि बसको साइजअनुसार सिटको संख्या अलि बढी र यात्रु उभिने ठाउकक थोरै छ। शहरी यातायात प्रणालीमा समान्यतया 'पिकआवर'को यात्रु चाप 'अफ पिकआवर'कोभन्दा दोब्बर या अझ बढी हुन्छ। आफिस टाइमको बेलामा काठमाडौंका सडकमा गुड्ने बस भित्रको कोचाकोचको स्थितिले पनि यो कुरा आँकलन गर्न सकिन्छ। त्यसैले शहरी क्षेत्रमा चल्ने सार्वजनिक बसमा सिट कम र उभिने ठाउँ धेरै हुनु पर्दछ। यात्राको दुरी खासै लामो नहुने हुनाले अधिकांश यात्रीलाई सहजसँग उभिने ठाउँ भए पुग्छ। तर काठमाडौंमा सञ्चालित कुनै पनि बसमा यस विषयमा उचित ध्यान पुर्‍याइएको छैन। उभिने ठाउँको अभावमा बसयात्रा निकै कष्टदायक बन्न पुग्छ। अझ भीडका माझ बस चढ्ने र ओर्लने काम त प्रलय नै हुन्छ।

९ मिटर लम्बाई रहेका महानगर यातायातका बसमा ढोका बीचतिर छ, जुन सही छ। उभिएर अलि लामो दुरी यात्रा गर्ने यात्रु बसको अगाडि या पछाडिको भागमा उभिन्छन्। जस्ले गर्दा ओर्लने यात्रुको धक्का खेप्नु पर्दैन। तर ढोकालाई चढ्ने र ओर्लने गरी दुई भागमा पार्टेसन गरेको त्यति प्रभावकारी हुने देखिन्न। दुबै तर्फबाट ओर्लने र चढ्ने यात्रु हुन्छन। सिट लेआउटको हकमा अब नयाँ ल्याइने बसमा आवश्यक प्रविधिक गृहकार्यसहित सिट लेआउटको उपयुक्त डिजाइन अपनाउनु वाञ्छनीय हुनेछ। हालका बसमा समेत कमसेकम ढोका सामनेका ४ वटा सिट हटाएमा उभिने यात्रुहरुका लागि ठूलो राहत हुनेछ। साथै हालका बसको सिटको स्वरुप पनि शहरी बसका उपयुक्त छैन। यी सिट अलि लामो दुरीमा चल्ने बसका लागि उपयुक्त देखिन्छन्। शहरी बसमा गद्दावाला सिट आवश्यक हुककदैन। अलि पछि यस्ता सिट मर्मत सम्भार गर्न झन्झटिलो हुन्छ। हाम्रो सन्दर्भमा शहरी बसका लागि प्लास्टिकका सिट सबैभन्दा उपयुक्त सिट हुन्, जुन २०३० को दशकमा साझा यातायातद्वारा सञ्चालित जापानिज् बसमा थिए। हुनसक्छ, भारतीय बस निर्माताले यस्ता सिट बनाउँदैनन्, तर चिनियाँ कम्पनीले प्लास्टिकका स्तरीय सिट बनाउँछन्।

भारतमा निर्मित बसको चेसिसमा बडी बनाउँदा हाम्रो डिजाइन अनुसारको सिट लेआउट र सिटको प्रकार समेत छनौट गर्न सकिन्छ। वास्तवमा सार्वजनिक यातायातले कार र मोटरसाइकल लगायतका निजी सवारी साधनसँग प्रतिष्पर्धा गर्नु पर्दछ। आफ्नो कुनै सवारी साधन नहुनेले बाध्य भएर सार्वजनिक यातायात प्रयोग गर्ने हाम्रो हालको अवस्थाकै निरन्तरताले सार्वजनिक यातायात प्रणालीलाई बचाइराख्न मुस्किल हुन्छ। सार्वजनिक यातायातको गुणस्तर खस्किँदै जाँदा शहरिया मध्यम वर्ग यो सेवा प्रयोग गर्न हिचकिचाउने अवस्था हुन्छ। त्यसैले कतिपय विकासशील शहरका नाजुक सेवास्तरका सार्वजनिक यातायातलाई 'गरीब वर्गको यातायात' भनेर समाजले नै लेवल पनि लागाइदिएको हुन्छ। यस्तो यातायात सेवा प्रयोग गर्दा शहरिया मध्यम वर्गमा हिनताबोध हुने भएकोले निजी सवारी साधन प्रयोग गर्ने प्रवृति ह्वात्तै बढ्छ।

समाजका सबै वर्ग र समूह आकर्षित हुने सार्वजनिक यातायातको सेवाको विकासका लागि सेवाको गुणस्तरमा उल्लेख्य सुधार गर्नुको कुनै विकल्प छैन। त्यसैले महानगर यातायातले सञ्चालनमा ल्याएका जस्तै आधुनिक प्रविधि सहितका सुविधाजनक ठुला बस तत्कालको आवश्यकता हो। यसका साथै सिटका प्रकार र सिट लेआउट जस्ता मसिना प्राविधिक कुराहरुले सेवाको गुणस्तरमा उल्लेख्य असर पार्ने कुरामा पनि बेलैमा उचित ध्यान पुर्‍याउन जरुरी छ। दुर्भाग्य नै भनौं, काठमाडौंको बस यातायातको आधुनिकीकरणमा आशलाग्दो पहल लिएको महानगर यातायात प्रालिको बसमा तोडफोड भएको खबर प्रकाशमा आएको छ। समाचारमा जनाइएअनुसार नयाँ र आधुनिक बसले उत्पन्न गर्ने बजार प्रतिष्पर्धाबाट बेखुस यातायात व्यवसायीको सिन्डिकेटमाथि सो घटनाका लागि शंका गरिएको छ। वास्तवमा हालको यातायात नियमनको व्यवस्थामा केही अस्पष्टता छन। तर पनि आधुनिक बससहित स्तरीय सेवा दिने निजी क्षेत्रको कम्पनीलाई बजार प्रवेश निषेध गर्नु यातायात नियमनको आधारभुत सिद्धान्तको बर्खिलापमा हुन्छ। राजधानी शहरको सार्वजनिक यातायातलाई गुणस्तरीय बनाउने पहलमा सिन्डिकेटको एकाधिकार या अरु कुनै बहानामा यातायात व्यवसायीले तगारो हाल्नु न्यायोचित छैन। समाजको विविध तप्कामा सार्वजनिक यातायातको सेवाको स्तरका बारेमा हालै देखिएको गम्भीर चासो र सरोकारलाई दृष्टिगत गर्दा यातायात व्यवसायीका तर्फबाट हुने यस्ता व्यवधानलाई निरन्तरता दिन आउने दिनमा पक्कै सहज हुने छैन।

राजधानी शहर कै छवि र शहरबासीको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको सार्वजनिक यातायात सेवालाई आधुनिक र सुविधा सम्पन्न बनाउन अब ढिलो गर्नु हुँदैन। नियमनका व्यवस्थालाई सरकारले कडाईका साथ लागु गर्नै पर्दछ। आधुनिक र विश्वसनीय सार्वजनिक यातायात सेवाका लागि आवश्यक पर्ने नियमनका प्रावधान समेटेर कानुनी व्यवस्थालाई परिष्कृत गर्न जरुरी छ। गुणस्तरीय सेवाका लागि गरिने प्रभावकारी नियमन यातायात व्यवसायीहरुको समेत व्यवसायीक हितमा हुनेछ। सुधारका लागि उपभोक्ता समूह लगायत नागरिक समाज पनि जागरुक हुनु पर्ने खाँचो देखिएको छ। सबैले सकारात्मक सोचसहित आ(आफ्नो भूमिका र कर्तव्य निभाएमा राजधानी शहरको बससेवाको काँचुली फेर्न बिल्कुलै सम्भव छ।

स्रोत : सेतोपाटी डटकम

चट्याङ्कबाट घाइते विकलाई सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा २ चैत्र ।

चट्याङबाट सख्त घाइते भई मनिपाल शिक्षण अस्पतालमा उपचाररत देवी कुमारी विकलाई मंगलवार नेपाल रेडक्रस सोसाइटी कास्कीले नगद सहयोग प्रदान गरेको छ । अस्पतालमै पुगेर उपचार गराई रहेकी देवी कुमारी वि.क.लाई कास्की शाखाका उपसभापति एवं विपद व्यवस्थापन समितिका संयोजक डण्डराज शर्माले नगद ५ हजार रुपैयाँ प्रदान गरे । सोहि अवसरमा नेपाल रेडक्रस सोसाइटी पोखरा-८ उपशाखाका सभापति दानबहादुर गुरुङ मार्फत प्राप्त नगद २ हजार रुपैयाँ पनि सोहि अवसरमा हस्तान्तरण गरिएको छ । पोखरा-५ स्थित बाराही उच्च मा.वि. को कक्षा ९ मा अध्ययनरत विक गत फागुन २२ गते परेको चट्याङबाट घाइते भएकी थिइन । जुनियर रेडक्रस सर्कल बाराही उच्च मा.वि.का संरक्षक एवं विद्यालयका प्राधानाध्यापक शिवप्रसाद भण्डारीको निवेदन अनुसार रकम प्रदान गरिएको हो । शाखाबाट प्राप्त हुने अन्य राहत सहयोग सामाग्रीहरु खाद्यान्न, लत्ताकपडा, भाडावर्तन लगायका सामाग्रीहरु बुधवार पोखरा-५ कुलाकोडिलमा गई परिवारलाई हस्तान्तरण गर्ने कार्यक्रम रहेको कास्की रेडक्रसले जनाएको छ ।

बैंक व्यालेन्स

बैंक व्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८२६१-०६६०२

तु-अवश्यकता

पोखराको चिप्लेढुङ्गास्थित पोखरा ट्रेडमलमा रहेको भिजन कोरियन ल्याङ्ग्वेज स्कूलका लागि ५ जना महिला कर्मचारी आवश्यक परेको हुनाले कम्प्युटर र कोरियन ल्याङ्ग्वेव जानेका ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला।
तलव : आपसी समझदारीमा

भिजन कोरियन ल्याङ्ग्वेज स्कूल
पोखरा ट्रेडमल, चिप्लेढुङ्गा
फोन : ०६१-४१७००६, ९८२४१६३६६२

राहदानी हरायो

मिति २०७२/१२/०१ गते पोखराको नयाँ बसपार्कबाट कास्की नौडाँडा जाने क्रममा निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : **नारायण प्रसाद दाहाल**
ठेगाना : ढिकुरपोखरी-२,कास्की
राहदानी.नं. : ०८९४७७९४
सम्पर्क : ९८२६१५३०७१

राहदानी हरायो

मिति २०७२/०९/०२ गते पोखराको महेन्द्रपुलबाट जिरो कि.मि. जाने क्रममा निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : **नारायण प्रसाद अधिकारी**
ठेगाना : सराङ्कोट-६,कास्की
राहदानी.नं. : २६६०५३४
सम्पर्क : ९८४६८४३९४८

रक्तदान कार्यक्रम सम्पन्न

गोल्डेन न्यूज संवाददाता
पोखरा २ चैत्र ।

टेम्पल ट्रि रिर्सोट एण्ड स्पा लेकसाइड पोखराले आफ्नो पाचौं वार्षिकोत्सब मनाएको छ । उक्त अवसरमा नेपाल रेडक्स सोसाईटी, कास्कीको सहयोगमा रिर्सोट परिसरमा रक्तदान कार्यकम आयोजना गरियको छ ।

उक्त अवसरमा रिर्सोटसंग आबद्ध कर्मचारीहरु लगायत अन्यबाट रक्तदान गरिएको थियो । २७ जना रक्तदात गरेको कार्यक्रमको समापनपछि कर्मचारीहरु बीच शुभकामना आदान प्रदान गरिएको थियो ।

उक्त अवसरमा रिर्सोटका रेसिडेन्ट मेनेजर कुण्ण प्रसाद आचार्यले रिर्सोटको सफलता पूर्वक बितेका पाच बर्षले हामीमा अझ अगाडि बढने प्रेरणा मिलेको बताए। कार्यक्रममा प्रमुख आतिथ्यता रिसोर्टका अध्यक्ष बसन्त गौतमले गरेका थिए ।

तु-अवश्यकता

पोखराको पालिखेचोकमा रहेको श्रद्धा सरस्वती पुस्तक पसलका लागि केही पुरुष कर्मचारी आवश्यक परेको हुनाले एसएलसी उत्तीर्ण/+२ वा सो सरह र अनुभवी इच्छुक र इमान्दार व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला।

श्रद्धा सरस्वती पुस्तक पसल
ताम्राकार भवन,ज्ञानमार्ग,पालिखेचोक
फोन : ०६१-५४०७०१

प्रमलाई ज्ञापन

काठमाडौं २ चैत्र ।

सिन्धुपाल्चोक उद्योग वाणिज्य सङ्घले प्रधानमन्त्री केपी शर्मा ओलीलाई चीन भ्रमणको समयमा तातोपानी नाका खोल्न आग्रह गर्दै ज्ञापनपत्र बुझाएको छ । सिन्धुपाल्चोक उद्योग वाणिज्य सङ्घका अध्यक्ष कुमार श्रेष्ठको प्रतिनिधित्वमा प्रधानमन्त्री निवास बालुवाटार गएको टोलीले चीनसँग जोड्ने एकमात्र प्रमुख नाका बन्द हुँदा देश र स्थानीयवासीलाई ठूलो मर्का परेको भन्दै नाका खोल्न प्रधानमन्त्रीले भ्रमणमा पहल गर्न आग्रह गरेका हुन् ।

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

राष्ट्रिय स्लालोम कायकमा राजेन्द्र प्रथम

गोल्डेन न्यूज संवाददाता
पोखरा २ चैत्र।

चौथौ राष्ट्रिय स्लालोम कायक प्रतियोगितामा राजेन्द्र गुरुङ प्रथम भएका छन्। पोखराको हेमजास्थित सेती नदीमा आयोजना भएको प्रतियोगितामा १ सय २२ जनालाई पछि पार्दै गुरुङ प्रथम भएका हुन्। उनले नगद १० हजार र मेडल प्राप्त गरे।

चौथौं पर्वतीय खेलकुद महोत्सव अन्तर्गत आयोजना गरिएको प्रतियोगितामा सोम मगर दोस्रो हुँदै नगद ७ हजार रुपैयाँ र मेडल जित्दा जीवन गुरुङ तेस्रो हुँदै नगद पाँच हजार रुपैयाँ प्राप्त गरे। सेती नदीको दुई सय ५० मिटर दुरीमा प्रतियोगिता संचालन गरिएको थियो। नेपाल ग्यापिटङ्ग एन्ड क्यानोईङ्ग संघले हरेक वर्ष पोखरामा प्रतियोगिता संचालन गर्दै आएको अध्यक्ष मनबहादुर न्यौपानेले बताए। पोखराको हेमजास्थित सेती नदीमा कायकका लागि विश्वकै उत्कृष्ट स्थलमा पर्ने अध्यक्ष न्यौपानेले बताए।

प्रतियोगितामा विजेता खेलाडीलाई राष्ट्रिय खेलकुद परिषदका सदस्य फत्तबहादुर गुरुङ, पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका अध्यक्ष खगराज पौडेल, कास्की जिल्ला अध्यक्ष यामबहादुर गुरुङ, संघका उपाध्यक्ष सन्तोष पन्त लगायतले पुरस्कार विरतण गरेका थिए। खोला नभएका स्थानमा कृत्रिम बाधा उत्पन्न गरेर खेलाईने प्रतियोगिता नेपालमा खोलामा खेलाईने गरिएको छ। विदेशीहरुले समेत नेपालको खोला नालालाई प्रतियोगिताको लागि उत्तम स्थानको रुपमा लिएका छन्।

शान्ति प्रवर्द्धन सम्बन्धी कर्मचारीलाई प्रशिक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा २ चैत्र।

राष्ट्रसेवक कर्मचारीहरुले गर्ने कुनै निर्णयले द्वन्द व्यवस्थापन र शान्ति प्रवर्द्धन गर्छ भने विवेक नपुगोको निर्णयले द्वन्दलाई नै निम्त्याउने भएकाले जिम्मेवार रहेर निर्णय गर्नु पर्ने पोखरामा मंगलबार आयोजित एक कार्यक्रममा जोड दिइएको छ। शान्ति तथा पुनः निर्माण मन्त्रालयद्वारा आयोजित द्वन्द रुपान्तरण, स्थानीय स्तरका लागि शान्ति प्रवर्द्धन सम्बन्धी अभिमुखी कार्यक्रममा बोल्ने वक्ताहरुले सो कुरामा जोड दिएका हुन्।

कार्यक्रममा बोल्दै मन्त्रालयका सह-सचिव शंखर प्रसाद खरेलले शान्तिको प्रर्वद्धनले नै दिगो विकासमा टेवा पुऱ्याउने बताए। उनले दीर्घकालिन लक्ष्य हासिल गर्ने किसिमका योजनाको छनौट गर्नु पर्नेमा जोड दिए।

त्यस्तै उप-सचिव जानुका सुवेदीले जनताको सेवा प्रवाह र वितरण प्रणालीलाई नै समुचित एवम् पारदर्शी रुपमा अगाडि बढाएमा समाज नै शान्ति मैत्री हुने बताए।

कार्यक्रमका अध्यक्ष एवम् स्थानीय शान्ति समिति कास्की अध्यक्ष रामजी बरालले निर्वाह र परपम्परावारी विकासको सोचबाट माथि उठ्नु पर्नेमा जोड दिए। कार्यक्रममा नेपाल प्रेस युनियनका केन्द्रिय उपाध्यक्ष रमेश पौडेलले शान्ति र विकासको प्रर्वद्धनको लागि आमसञ्चारलाई सँगै लानुपर्नेमा जोड दिए। शान्ति संमवेदनशील विकासका अवधारणाहरु र कार्यक्रमहरु आन्तरिकिकरण गरी कार्यन्यन योग्य बनाउने र स्थानीय तवरबाट सुझाव संकलन गर्ने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको हो।

तीन दिनसम्म चलेको सो कार्यक्रममा प्रत्येक दिन ७० जनाका दरले विभिन्न समुहका व्यक्तिहरुको सहभागीता रहेको थियो। कार्यक्रममा १० जिल्लाका शान्ति समितिका संयोजकहरु, राजनैतिक दलका नेताहरु, उद्योग वाणिज्य संघ, नागरिक समाज र अधिकारकर्मीहरुको सहभागीता रहेको थियो। सहभागीहरुले सामाजिक न्यायमा आधारित शान्ति, शान्तिकोषको संउचित प्रयोग, विद्युतिय माध्यममा सुचना दिनुपर्ने, छिटो-छरितो र सर्वसुलर्भ सेवा प्रवाह र जनताको रोजाईको विकास जस्ता विषयमा सुझाव दिएका थिए।

बुद्धमन जस्तै सिद्धार्थनगर बनाउने अभियान

दीपक घिमिरे
रुपन्देही २ चैत्र।

गौतमबुद्धको जन्मस्थल लुम्बिनीको प्रवेशद्धार सिद्धार्थनगरको दक्षिणी मूलद्वार बेलहियामा एकाबिहानै मानिसको भीडभाड थियो। ती सबैका हातमा झाडु र 'प्ले ब्यानर' थिए। समूहको भीडमा सांसद् इश्तियाक अहमद खाँनको पनि उपस्थिति थियो। उनको हातमा ठूलो झाडु थियो। हेर्दा लाग्थ्यो बुद्धनगरीकै प्रवेशद्वार बेलहियाबाट कुनै आन्दोलनको सुरुवात त हुँदै छैन। अरु बेला अनेक खालका आन्दोलनका दृश्य देख्न पाइए पनि त्यो दृश्य भने आन्दोलनको नभई बृहत् सरसफाइ अभियानको रहेछ। सिद्धार्थनगर नगरपालिकाले नगरलाई सफा र सुन्दर बनाउनका लागि थालेको अभियानमा सभासद्देखि सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो। सरसफाइसम्बन्धी जनचेतनाको अभावमा नगरमा फोहरमैला बढेको भन्दै नगरपालिकाले सुरु गरेको सरसफाइ अभियानमा सांसद् खाँनदेखि यस क्षेत्रका प्रतिष्ठित उद्योगी, व्यापारी, समाजसेवी, नागरिक अगुवा, विभिन्न सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधि एवम् सञ्चारकर्मीको सहभागिता थियो। अभियानमा सहभागीले आफ्नो घरमा कहिल्यै कुचो नलगाएको भए पनि सरसफाइ अभियानमा भने झाडु लगाएको दृश्यले निकै रमाइलो बनायो। आइतबारदेखि सुरु भई पाँच दिनसम्म चल्ने यस अभियानको सांसद् आदित्यनारायण कसौधनले शुभारम्भ गरे। उनले भैरहवाको देवकोटाचोकमा जम्मा भएका सहभागीलाई अनावश्यक रुपमा फोहरमैला नफाल्न आग्रह गर्दै झाडु लगाएर अभियानको शुभारम्भ गरेका थिए। बुद्धनगरी सिद्धार्थनगरलाई बुद्धको मन जस्तो पवित्र र सुन्दर बनाउनुपर्नेमा जोड दिए। नगरलाई सुन्दर र हराभरा बनाउने उद्देश्यका साथ अभियानमा नगरपालिकासहित लुम्बिनीका क्रियाशील विभिन्न सङ्घसंस्थाको उत्साहजनक सहभागिता रहेको थियो।

सधैंजसो कार्यक्रममा समाचार सङ्कलनका लागिमात्र सहभागी हुने पत्रकार उक्त अभियानको शुभारम्भको दिनदेखि यसमा लागे। भैरहवा र यस वरपरका क्षेत्रमा क्रियाशील पत्रकारको नवगठित संस्था लुम्बिनी प्रेस क्लबमा आबद्ध पत्रकार पनि ब्यानर लिएर कार्यक्रममा सहभागी भए। यो दृश्य पनि नौलो थियो। बुद्ध जन्मस्थल लुम्बिनीको प्रवेशद्वार सिद्धार्थनगर फोहरमैलाले अस्तव्यस्त बनेपछि सिद्धार्थनगर नगरपालिकाले सुरु गरेको बृहत् सरसफाइ अभियानमा सभासद्सहित, शान्ति सुरक्षामा खटिने प्रहरी र सरकारी कर्मचारी अभियानमा जुटे।

'सभ्य नागरिक सफा सहर : बुद्धको नगरी सिद्धार्थनगर' भन्ने मूल नाराका साथ सुरु भएको बृहत् नगरस्तरीय सरसफाइ तथा जनचेतनामूलक कार्यक्रममा सयौं जनाको सहभागिता रहेको थियो।

बुद्धनगरी सिद्धार्थनगरलाई बुद्धको मन जस्तो पवित्र र सुन्दर बनाउने उद्देश्यकासाथ सुरु गरिएको अभियानमा दलका जिम्मेवार नेतादेखि आम सर्वसाधारणले स्वःस्फूर्त रूपमा सहभागिता जनाएका छन्।

फोहरमैलाका कारण सधैंभरि आलोचना खेप्दै आएको सिद्धार्थनगर नगरपालिकाले आलोचनामुक्त हुन र नगरलाई सुन्दर तथा हराभरा बनाउने उद्देश्यले सरसफाइ अभियान सुरु गरेको हो। विश्व शान्तिको मुहान लुम्बिनी आउने स्थल मार्गको प्रमुख नाका बेलहिया नाकालगायत नगरका विभिन्न मुख्यमुख्य स्थल फोहरले कुरुप बनेपछि नगरवासीलाई निकै सास्ती पुग्नुका साथै विश्वमाझ निकै नराम्रो सन्देश प्रवाह भइरहेकाप्रति नगरपालिका मात्रै चिन्तित नभई सम्पूर्ण नगरवासी नै चिन्तित बन्नसके नगरलाई फोहरमैलामुक्त सहरका रूपमा विकास गर्न कुनै समस्या नआउने नगरपालिकाका कार्यकारी प्रमुख विष्णुदत्त गौतमले बताए। बुद्धको जन्मस्थल लुम्बिनीको प्रवेशद्वारमै फोहरमैलाले आम नगरवासी तथा पर्यटकलाई सताएपछि नगरपालिका नगरको सरसफाइका लागि जुटेको हो।

सिद्धार्थनगर स्थल मार्ग हुँदै सबैभन्दा बढी पर्यटक भित्रचाउने नगरपालिका हो। भैरहवा हुँदै लुम्बिनी भित्रिने पर्यटकलाई स्वच्छताको अनुभूति दिलाउन एवम् सफा र सुन्दर नगरपालिकाका रूपमा विकसित गर्न यो कार्यक्रमलाई निरन्तरता दिइएको नगरपालिकाका कार्यकारी अधिकृत गौतमले उल्लेख गरे।

उनका अनुसार गत वर्ष नगरपालिकाले भैरहवामा बृहत् सरसफाइ अभियान सञ्चालन गरिएको थियो। उक्त अभियानले जथाभावी फोहर फाल्ने नगरवासीको प्रवृत्तिमा केही सुधार आएको थियो। सोही अभियानको समीक्षा गर्दै नगरपालिकाले यस वर्ष पनि अभियान चलाउने निर्णय गरेको हो।

अभियानअन्तर्गत नगर सफा गर्नुका साथै विभिन्न समूह बनाई घरदैलोमार्फत सचेतना फैलाउने कार्यसमेत गरिएको छ। सङ्घसंस्थाको अगुवाइ तथा नगरपालिका कार्यालयको समन्वयमा यी टोलीले घरघरमा पुगी चेतनामूलक पर्चा पम्पलेट बाँढ्नुका साथै सरसफाइतर्फ ध्यान दिन मौखिक रूपमा अनुरोध गरेका छन्। जथाभावी फोहर फाल्नेलाई नगरपालिकाले जरिवानासमेत तोकेको छ। तोकेको समय र स्थानबाहेक अन्यत्र फोहर फाल्नेलाई प्रथमपटक रु पाँच हजार, दोस्रोपटक रु १० हजार र त्यसपछि पटकैपिच्छे रु १५ हजारका दरले जरिवाना हुने नगरपालिकाका सामाजिक विकास शाखा अधिकृत शेखर पन्थीले जानकारी दिए। भैरहवाको देवकोटा चोकबाट सुरु भएको पहिलो दिनको कार्यक्रम बैंकरोड, मिलन चोक, गल्लामन्डी हुँदै हनुमान मन्दिरमा गएर समापन गरिएको थियो। समापन कार्यक्रममा सांसद् कसौधनले नगरपालिकाको एक्लो प्रयासलेमात्र नगर सफा राख्न नसकिने र त्यसका लागि सम्पूर्ण नगरवासीले पनि आफ्नो घर, आँगन, टोल तथा सडक सफा राखी फोहरमैलामुक्त गर्नुपर्नेमा जोड दिनुभयो। अन्तिम दिन होटल निर्वाणादेखि मैत्रीपथ, मिलनचोक, नारायणपथ, बर्मेली टोल, बुद्धचोक हुँदै लुम्बिनी गेटमा पुगी समापन गरिने नगरपालिका कार्यालयले जनाएको छ।

प्रवेशाज्ञा प्रक्रियामा ढिलाइबारे चासो

काठमाडौं २ चैत्र।

व्यवस्थापिका-संसद्, अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले नेपालले विभिन्न विदेशी मुलुकका नागरिकलाई प्रदान गर्ने प्रवेशाज्ञा प्रक्रिया सरल र छरितो गर्ने सम्बन्धी कार्ययोजना पेस गर्न सम्बन्धित सरकारी निकायलाई निर्देशन दिएको छ। सो विषयमा सम्बन्धित मन्त्रालय र निकायका अधिकारीसँगको छलफलपछि प्रवेशाज्ञा प्रदान कार्य सहज, सरल, छिटोछरितो तथा आधुनिक प्रविधियुक्त बनाउन र प्रभावकारी अनुगमनको कार्यसम्बन्धी एक महिनाभित्र कार्ययोजना ल्याउन समितिले निर्देशन दिएको हो। समितिका सभापति प्रभु साहले सो विषयमा अध्ययन र छलफलको प्रारम्भ गरिएको छ भन्दै सरकारी निकायको लिखित जानकारीपछि थप निर्णय गरिने बताए।

बैठकमा गृह मन्त्रालयका सचिव नारायणगोपाल मलेगोले हाल प्रवेशाज्ञा जारी प्रक्रियामा कुनै ढिलाइ भएको जानकारी नभएको र प्रक्रियागत रूपमा सम्बन्धित निकायले काम गरिरहेको बताउँदै आगामी दिनमा सो प्रक्रियालाई सरलीकृत र सुरक्षा संवेदनशीलतामा ध्यान दिँदै अगाडि बढाइने स्पष्ट गरे। सुरक्षामा असर पर्ने वा मुलुक मुलुकबीचको सम्बन्धमा खलल पुऱ्याउनेस्थिति नआओस् भनेर चनाखो पनि हुनुपर्ने भन्दै उहाँले नेपालको कानुनलाई उलङ्घन गरी विदेशी रहेको पाइएमा अनुगमन र कारबाही भइरहेको बताए।

उनले कालोबजारी नियन्त्रण र अवाञ्छित गतिविधि हुन नदिन मातहतका निकायलाई निर्देशन दिइएको जानकारी दिए। अध्यागमन विभागका महानिर्देशक केदार न्यौपानेले पर्यटन प्रवर्द्धनका लागि आवश्यकतानुसार प्रवेशाज्ञा वितरणको नीति भए पनि कतिपय सन्दर्भमा सुरक्षा संवेदनशीलतालाई पनि हेर्ने गरिएको बताए। उनले भुटानले आफ्नो मुलुकमा आउने पर्यटकले प्रतिदिन पाँच सय अमेरिकी डलर खर्च गर्नुपर्ने नीति लिए जस्तै नेपालले पनि केही सीमा तोक्न सुझाव दिए। कन्सुलर सेवा विभागका महानिर्देशक गणेशप्रसाद ढकालले हाल सार्क भिसा, अर्डिनरी, कूटनीतिक, व्यावसायिक, र पर्यटक भिसाजस्ता प्रवेशाज्ञा जारी हुँदै आएको बताए। रासस

कवितामा बालअधिकार खोजी

गोल्डेन न्यूज संवाददाता
पोखरा २ चैत्र।

चन्द्रप्रभा उच्च मावि रुपाकोटमा बाल अधिकार शिक्षा, बिषयक कविता लेखन प्रतियोगिता सम्पन्न भएको छ। बालअधिकार चेतना समूह चन्द्रप्रभा उच्च माविले आयोजना गरेको प्रतियोगितामा जुनियरतर्फ सुजन गुरुङ प्रथम, निर्मला गुरुङ द्वितीय र अन्जित थापा तृतीय भएका छन् भने सिनियरतर्फ निरुता खड्का प्रथम, मदन भण्डारी द्वितीय र स्मृती गुरुङ तृतीय भएका छन्। विजयी विद्यार्थीहरुलाइ पुरस्कार वितरण गर्दै विद्यालय निरीक्षक भोजराज न्यौपानेले विद्यार्थीहरुमा रहेको सृजनात्मक क्षमताको विकास गर्न विद्यालयले पठनपाठन संगै अतिरिक्त कियाकलाप संचालन गर्नतर्फ पनि ध्यान दिनुपर्ने बताए।

इन्सेक सहजकर्ता सरिता तिम्सिना पगेनीले बाल अधिकार चेतना समूहलाइ अतिरिक्त कियाकलाप आयोजना गर्न प्रोत्साहित गर्ने उद्देश्यले पुरस्कार प्रायोजन गरेको बताइन। बालअधिकार चेतना समूहका अध्यक्ष मदन भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक भोलानाथ पौडेल, संरक्षक शिक्षक मोहम्मद मोहसिन मिया,शिक्षक झलक गुरुङ लगायतले बोलेका थिए।

युवतीद्वारा नसालु पदार्थ खुवाएर लुट

गोल्डेन न्यूज संवाददाता
म्याग्दी २ चैत्र।

खाजा खान बोलाएकी एक युवतीले नसालु पदार्थ खुवाएर बेनीको हाडेभिरमा व्यवसाय गर्दै आएका कुलदीप जुक्जालीका साथमा रहेको सुन, मोबाइल टेलिफोन र पैसा लुटेकी छन्।

सोमबार साँझ बेनीको 'पुन होटल एन्ड नान हाउस'मा खाजा खान जाँदा आफ्ना साथमा रहेको दश तोला सुन लगायत सामान लुटिएको पीडितले बताएका छन्।

खाजासँगै मगाइएको रक्सीमा लठ्याउने पदार्थ मिसाएर खुवाइएपछि आफू बेहोस भएको र आफ्ना तीन तोलाको औंठी, चार तोलाको सुनको सिक्री र दुई तोलाको हातमा लगाइएको चेन लगायत लुटेर युवती फरार भएकी जुक्जालीले बताए।

पीडितको अहिले जिल्ला अस्पतालमा उपचार भइरहेको छ। खाजासँगै रक्सी खाएका जुक्जाली बिहान मात्रै बिउँझिएका थिए

लोकदोहोरी गीत प्रतिष्ठान म्याग्दीका अध्यक्षसमेत रहेका जुक्जालीको ती युवतीसँग कृषि औजार कारखानामा भेट भएको थियो। सामान किन्न आएकी युवतीले भिजिटिङ कार्ड लगेपछि उनीहरूबीच दुई तीन दिन फोनमा कुरा भएको थियो। कपाल खैरो पारिएको, सेतो प्यान्टस् र सेतो स्विटर लगाएकी पातलो शरीर भएकी युवतीको हुलियाका आधारमा अहिले खोजी भइरहेको छ। अरबी भाषा बोल्ने अन्दाजी २० वर्षकी ती युवतीले जुक्जालीसँग आफ्नो घर म्याग्दीकै दोवा भएको बताएकी थिइन्। घटनाको जानकारी पाएलगत्तै अनुसन्धान र युवतीको खोजीमा प्रहरी परिचालन भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक लोकेन्द्रसिंह गुरुङले बताए।

विदेश जानेहरूका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।
हाम्रा विशेषताहरू :- तयारी कक्षा घमाधम चलिरहेको छ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचौकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

खुशीको खबर !
के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ। साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ। *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने।*
अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २। सम्पर्क : ९८४६२८५९५९

सेक्यूरिटी गार्डमा वैदेशिक रोजगारको
सुवर्ण अवसर
Abudhabi का Spark Middle East Star Skill Force UAE का DPS, Group-4, Diplomatic
तयारी कक्षा धमाधम
सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
एवं
फिल्स ल्याडर इम्प्लोइमेन्ट सर्भिस प्रा.लि

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान, वाटर प्रुफिङ गरिन्छ।
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलरः एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

पोखरामा पहिलो पटक
यौनवर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, नुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन स्य अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
दाँत तथा जोर्नी दुखाई ठिक पार्न, सस्तो सुधा पेनकिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

चाया, पोतो र डण्डिफोर Bye Bye
चाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने साथमा मोटोपन घटाउने र बढाउने पनि।
यहाँ Orginal Korean Cosmetic Product पाइन्छ।
कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
महिनामा नै १-३ इन्च हाइट बढाउने Step-Up.
चाउरिपना हटाउने
पिनासका लागि सफल उपचार।
Skin Test गरिन्छ।
ग्याष्ट्रिक उपचार
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने।
थाहै नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने।
नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ।
बिहानी ब्युटी ट्रेडर्स
चिप्लेढुङ्गा, पोखरा-४, फोन: ९८४६१५४१८८, ०६१-५२४६५४

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल डकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार।
यौन समस्या:- शिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार।
महिला सम्बन्धि समस्या
महिनावारी गडबडी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाइट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो खावी पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरिपन हटाई पुरै शरिर गोरो बनाउने।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

चारबुँदे 'नन्पेपर' को कार्यान्वयनमा भारतको जोड

गोल्डेन न्यूज संवाददाता
काठमाडौं २ चैत्र ।

संविधान निर्माणको आखिरी घडीमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका विशेष दूतका रुपमा नेपाल आएर विवादित बनेका विदेश सचिव एस जयशंकर काठमाडौं आएका छन् । पोखरामा आयोजित सार्क विदेश मन्त्रीस्तरीय सम्मेलनमा भाग लिन सोमबार राति काठमाडौं ओर्लेका उनले मंगलबार प्रधानमन्त्री केपी ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका नेताहरुलाई भेटे ।

करिब ४५ मिनेटको भेटमा प्रधानमन्त्री ओलीले संविधान निर्माण नेपाली इतिहासको कोसेढुंगा भएकाले अब समृद्धिको दिशामा नेपाललाई भारतले सहयोग गर्नुपर्ने अपेक्षा राखेका थिए । नेपाली भूमि कुनै पनि छिमेकी मुलुकको विरुद्ध प्रयोग हुन नदिनेमा सरकार सचेत र प्रतिबद्ध रहेको ओली-जयशंकर भेटलाई उद्धृत गर्दै बालुवाटार स्रोतले जानकारी दियो । जयशंकरले नेपालको स्थायित्व र विकासका लागि भारत सहयोगी बन्न चाहेको बताउदै पछिल्लो राजनीतिक विकासक्रमबारे जिज्ञासा राखेका थिए । उनले 'ओलीको निर्णय क्षमतामा आफ्नो विश्वास रहेको' सांकेतिक टिप्पणी गरेको उच्च स्रोतले बतायो । मंसिर दोस्रो साता ओलीको तर्फबाट भारत गएका परराष्ट्रमन्त्री कमल थापाले भारतीय विदेशमन्त्री सुष्मा स्वराजसामु राखेको चारबुँदे 'नन्पेपर' को कार्यान्वयन तर्फ जयशंकरले इंगित गरेका हुन् । उक्त चार बुँदामा माघ ९ गते भएको संविधानको पहिलो संशोधनमा परेका दुई बुँदासहित सीमांकन टुंग्याउन राजनीतिक संयन्त्र गठनको प्रस्ताव समेटिएको छ । मोर्चाले मूख्य चासो राख्दै आएको संयन्त्र अझै किन बन्न नसकेको हो भन्ने जयशंकरको जिज्ञासामा ओलीले ’सहमतिबाट संयन्त्रलाई पुर्णता दिइने’ आश्वासन दिए । ११ सदस्य रहनेगरी संयन्त्रको संयोजकमा परराष्ट्रमन्त्री थापा हुने निर्णय यसअघि नै मन्त्रिपरिषद्ले गरिसकेको छ । बाकी छलफल र निर्णय अघि बढेको छैन ।

कांग्रेस सभापति शेरबहादुर देउवासँग मध्याह्न बुढानीलकण्ठ निवासमा भेट्न पुगेका जयशंकरले महाधिवेशनबाट नेतृत्व प्राप्त गरेकामा बधाई दिएका थिए । ३५ मिनेटको भेटमा जयशंकरले संघीय प्रदेशको सीमांकन हेरफेरको सम्भाव्यतालगायत विषयमा जिज्ञासा राखेपछि देउवाले सहमतिबाट टुंग्याउन आफू सकारात्मक रहेको जवाफ दिएका थिए । ’भेटमा दुई देशबीच पछिल्लो समय देखिएको असमझदारीलगायत विषयमा चर्चा भएको छ,’ देउवाका निजी सचिव भानु देउवाले जानकारी दिए ।

यसअघि जयशंकर बसेको होटल द्वारिकामा मधेसी मोर्चा नेताहरु बिहान साढे ९ बजे भेट्न पुगेका थिए । भेट्न जानेमा संघीय समाजवादी फोरम नेपालका वरिष्ठ नेता अशोक राई, तमलोपा महामन्त्री सर्वेन्द्रनाथ शुक्ल, तराई मधेस सद्भावना पार्टी अध्यक्ष महेन्द्र राय यादव, सदभावना पार्टी सहअध्यक्ष लक्ष्मणलाल कर्ण, नेपाल सद्भावना पार्टी अध्यक्ष अनिल झा, फोरम गणतान्त्रिक अध्यक्ष राजकिशोर यादव र राष्ट्रिय मधेस समाजवादी पार्टी प्रवक्ता केशव झा थिए ।

भेटमा जयशंकरले मधेस आन्दोलन र मोर्चाको पछिल्लो गतिविधि बारे जिज्ञासा राखेका थिए । मोर्चा नेताले सरकार र ठूला दलले पछिल्लो मधेस आन्दोलनका क्रममा उठेका राजनीतिक मुद्दा सम्बोधन नगरेको, मधेस आन्दोलनको क्रममा गिरफ्तारहरु अझै रिहा नभएको, कतिपयलाई मुद्दा चलाउने क्रम बढेको र घाइतेहरुको औषधि(उपचारसमेत सरकारले नगरेको गुनासो गरे । आफूहरुले चैत मसान्तसम्म सरकारलाई अल्टिमेटम दिएको जानकारी गराएका थिए ।

जयशंकरले भारतले मधेसको समस्या चाडै समाधान होस् भन्ने चाहेको बताएका थिए । उनले मोर्चाको चासोबारे प्रधानमन्त्री ओली र कांग्रेस सभापति देउवासँगको भेटमा कुरा राख्ने आश्वासन दिएका थिए । ’हामीले सरकारको रवैयाले मधेसको समस्या समाधान नहुने भएकाले आन्दोलन अझै लम्बिने बतायौं,’ तमसपा अध्यक्ष महेन्द्र राय यादवले भने, ’संविधान कार्यान्वयन हुन कठिन रहेको हामीले बताएपछि उहाले आफू नेपालमा शान्ति, स्थिरता आओस् भन्ने पक्षमा भारत रहेको बताउनुभयो ।’

संविधान जारी हुनु दुई दिनअघि गत असोज १ गते भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका विशेष दूतका रुपमा काठमाडौं ओर्लिएका जयशंकरले अघिल्लो रात भदौ ३१ गते पारित भइसकेको संविधान जसरी पनि रोक्नुपर्ने, अन्यथा ’जे पनि हुन सक्ने’ चेतावनी तत्कालीन प्रधानमन्त्री सुशील कोइराला, एमाले अध्यक्ष ओली र एमाओवादी अध्यक्ष पुष्पकमल दाहाललाई दिएको समाचार बाहिर आएलगत्तै उनी विवादित बनेका थिए ।

एमाओवादी अध्यक्ष दाहालले अर्को साता कान्तिपुरसँग कुरा गर्दै जयशंकरको आगमन ढिलोगरी र गलत समयमा भएको भन्दै आफूहरुले पारित गरिसकेको संविधान रोक्न नसक्ने जवाफ दिएको बताएका थिए ।

ठगी गर्ने व्यक्ति पक्राउ

काठमाडौं २ चैत्र ।

नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था सुपरीभेंक्षणको उच्च ओहदाको कर्मचारी भएको तथा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोका अधिकारीसँग आफ्नो राम्रो सम्बन्ध भएको भन्दै ठगी गर्ने एक व्यक्ति पक्राउ परेका छन् । गोरखा जिल्ला केराबारी घर भई हाल बालुवाटार डेरा गरी बस्ने वर्ष २९ का प्रकाश रेग्मीलाई ब्युरोको टोलीले पक्राउ गरेको हो । उनले कुमारी बैंकका ऋणी तथा उद्योग व्यवसायी काठमाडौं, धापासी निवासी जितेन्द्रबहादुर श्रेष्ठलाई भेटी कर्जा सूचना केन्द्रमा कालोसूचीमा परेकाले बैंकिङ कसुर मुद्दामा कुमारी बैंकले कारबाहीका लागि राष्ट्र बैंक र केन्द्रीय अनुसन्धान ब्युरोमा उजुरी दिएको छ भनी रकम माग गरेको ब्युरोका प्रवक्ता प्रहरी उपरीक्षक दिवस लोहनीले जानकारी दिए ।

उनले ब्युरोसँग कुरा नमिलाए पाँच वर्ष जेल जाने सम्भावना रहेको र आफ्नो ब्युरोका अधिकारीसँग राम्रो सम्बन्ध रहेको भन्दै रकम मागेका थिए । रेग्मीलाई ब्युरोले पक्राउ गरी आवश्यक कारबाहीका लागि महानगरीय प्रहरी वृत्त महाराजगन्ज पठाइएको र निजले गरेको कार्य बैंकिङ मर्यादा विपरीत भएकाले आवश्यक कारबाहीका लागि नेपाल राष्ट्रबैंकमा समेत पठाइने जनाएको छ । रेग्मी कुबेर मर्चेन्ट फाइनान्समा चार वर्ष कार्यरत रही पछि सल्लाहकारसमेत भई हाल नारायणी डेभलपमेन्ट बैंकको संचालकसमेत रहेको अनुसन्धानका क्रममा खुलेको ब्युरोले जनाएको छ । यसअघि महानगरीय प्रहरी अपराध महाशाखामा तत्कालीन प्रहरी नायब निरीक्षक दर्जामा कार्यरत विजयप्रताप शाह, ओखलढुङ्गा रुम्झाटार घर भई काठमाडौं कपन बस्दै आएका राजेन्द्रराज गुरुङ, बाह्रबिसे सिन्धुपाल्चोक घर भई हाल काठमाडौं बौद्ध बस्दै आएका सोनम लामा, सङ्खुवासभा खाँदबारी नगरपालिका घर भई हाल ललितपुर सातदोबाटो बस्ने तीर्थराज रेग्मीलगायतलाई पनि ब्युरोको नाम ठगी गरेको अवस्थामा प्रहरीले पक्राउ गरेको थियो । ब्युरोका निर्देशक प्रहरी नायब महानिरीक्षक नवराज सिलवालले ब्युरोले आर्जन गरेको विश्वसनीयता र गरिमालाई गिराउने गरी पछिल्लो समय यसको नाममा ठगी हुन थालेकाले यसप्रति सचेत हुन सबैलाई आग्रह गरे ।

मुस्ताङमा पर्यटक घट्यो

मुस्ताङ २ चैत्र ।

मुस्ताङ जिल्लामा हवाई मार्ग हुँदै आउने पर्यटकको सङ्ख्या घटेको देखिएको छ । नयाँ याम सुरु भए पनि हवाई मार्ग हुँदै आउने पर्यटकको सङ्ख्या घटेको पाइएको छ । जनवरी र फेब्रुअरी महिनामा हवाई मार्ग हुँदै आउने पर्यटकको सङ्ख्या करिब ४० प्रतिशतले घटेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का पर्यटन सहायक बेलबहादुर पुनले जानकारी दिए । गत फागुन १२ गते भएको तारा एयरको जहाज दुर्घटना र निरन्तर मौसम प्रतिकुल हुँदा हवाई पर्यटकको सङ्ख्या घटेको हो । “सरदर दैनिक ४० भन्दा बढी पर्यटक हवाई मार्ग हुँदै आउने गरेका थिए, अहिले त्यो घटेर २० मा झरेको छ”, उनले भने । एक्यापका अनुसार, सन् २०१६ को जनवरीमा ३६५ पर्यटक भित्रिएकामा ५० प्रतिशत हवाई मार्ग हुँदै आएका थिए ।

फेब्रुअरीमा ६१३ जना भ्रमणमा आएका थिए । उनीहरू अधिकांश स्थलमार्ग हुँदै आएको बताइएको छ । भूकम्प र नाकाबन्दी पछि अहिले यहाँको पर्यटन व्यवसाय सामान्य बन्दै गएको छ । पोखरा-बेनी-जोमसोम सडक मार्ग अत्यन्त जोखिमपूर्ण रहेका कारण हवाई मार्ग उपयुक्त विकल्पको रूपमा रहँदै आएको छ । वार्षिक भित्रिने करिब ४० प्रतिशत पर्यटक हवाई मार्ग हुँदै आउने गरेको एक्याप जोमसोमका प्रमुख विदुर कुइँकेल बताउछन् । तिब्बती कला संस्कृतिको अध्ययन, पदयात्रा, मुक्तिनाथ, दामोदर कुण्ड जस्ता धार्मिकस्थल, फरक भू-बनोट भएको लोमान्थाङ क्षेत्र र प्राकृतिक सुन्दरतामा रमाउन यहाँ बर्सेनि ५० हजारको हाराहारीमा पर्यटक आउने गर्दछन् ।

कोरला नाकाबारे सहमति गर्न माग

मुस्ताङ २ चैत्र ।

प्रधानमन्त्री केपी शर्मा ओलीको चैत ७ देखि गर्ने साताव्यापी चीन भ्रमणमा तिब्बतसँग जोडिएको कोरला नाका सञ्चालनबारे सहमति गर्न मुस्ताङवासीले माग गरेका छन् । सन् २००३ देखि बन्द रहेको सो नाका सञ्चालन भए दुबै देशलाई व्यापारिक कारोबार गर्न सहज हुने उनीहरूको बुझाइ छ । सुरक्षाको कारण देखाउँदै चिनियाँ पक्षले उक्त नाका बन्द गरेपछि उपल्लो मुस्ताङका छवटा गाविसका स्थानीयवासी र तिब्बतका व्यापारीबीच वर्षको दुई पटक आयोजना हुने अन्तरदेशीय व्यापारिक मेला पनि वर्षको एक पटक मात्र हुँदै आएको छ । संसदको विकास समितिले दुई महिनाअघि उक्त नाकाको भौगोलिक बनोटदेखि सडक सञ्जालसम्मको अवस्थाबारे स्थलगत रूपमा भ्रमण तथा अध्ययन गरेर तत्काल नाका सञ्चालन गर्न सरकारलाई निर्देशन दिएको थियो ।

सरकारको माथिल्लो तहबाटै नाका सञ्चालनबारे सहमति हुनुपर्ने लोमान्थाङका समाजसेवी इन्द्रधारा विष्ट बताउछन् । “यो नाकाबारे ठोस सहमति हुनुपर्‍यो”, उनले भने । कालीगण्डकी करिडोरअन्तर्गत उक्त नाकासम्म सडकको ट्रयाक खुले बर्सेनि ६ महिनामात्रै सञ्चालन हुने गरेको छ । सडकको मर्मत सम्भारसँगै विभिन्न स्थानमा पुल निर्माण गर्नुपर्ने देखिएको छ ।

नाका सञ्चालन भए चीनबाट विभिन्न किसिमका सामान आयात र नेपालमा उत्पादित बस्तु निर्यात गर्न सहज हुने मुस्ताङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष खगेन्द्र तुलाचन बताउछन् । “यो नाका सञ्चालन भए पश्चिमाञ्चल क्षेत्रकै विकासको मुहार फेरिन्छ”, उनले भने ।

आगलागीपछि खुला आकासमुनिको बास

पर्वत २ चैत्र ।

सामुदायिक वनमा लागेको आगो बस्तीमा फैलँदा सबै घर जलेर सखाप भएपछि धाईरिङका पाँच परिवार खुला आकासमुनि बस्न बाध्य भएका छन् । उत्तरी पर्वतको धाईरिङ गाविस-१ लालुङका पाँच घर खुला आकासमुनि बस्न बाध्य भएका हुन् । गत शुक्रबार बस्ती नजिकैको बिन्दवासिनी सामुदायिक वनमा लागेको आगो बस्तीमा पुग्दा खरले छाएका उनीहरुका सबै घरगोठ जलेर नष्ट भएका हुन् । विपन्न परिवारको घरगोठ जलेर नष्ट भएपछि अहिले उनीहरु खुला आकासमुनि रात काट्न बाध्य भएका हुन् । तत्काल घरगोठ निर्माण गर्ने आर्थिक तथा जनशक्तिको अभावका कारण खुला आकासमुनि बस्नुपर्ने बाध्यता भएको पीडित उजेली परियारले बताए । आगालागीमा परी स्थानीय दीपा आचार्य, उजेली परियार, कर्णबहादुर परियार, मने दमाईं, कृष्णबहादुर दमाईंको घर गोठ पूर्णरुपमा जलेर नष्ट भएका छन् ।

घरभित्र रहेका लत्ताकपडा, नगद र खाद्यान्नसमेत जलेर नष्ट भएपछि झनै समस्या थपिएको कर्णबहादुरले गुनासो गर्नुभयो । आगलागीका बेला सबै मजदुरी गर्न गएकाले घरभित्र भएको अन्नपात र लत्ताकपडा, नागरिकता, लालपुर्जालगायतका महत्वपूर्ण कागजातसमेत निकाल्न पाएनौं, अहिले हरमा लगाएको कपडाबाहेक अरु केही छैन, नाङ्गो शरीरले खुला आकासमुनि बस्नुपर्दा निकै समस्या र कष्ट भएको छ, उनले भने । रासस

नेपाल सरकार
खानेपानी तथा ढल निकास विभाग
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
दमौली, तनहुँ

फिटिङ्स, टुल्स आदि सामान आपूर्ति सम्वन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना !

(प्रथमपटक प्रकाशित मिति २०७२।१२।०३ गते)

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, तनहुँद्वारा आ.व.०७२/०७३ मा संचालित विभिन्न खानेपानी आयोजकहरुका लागि आवश्यक पर्ने फिटिङ्स, टुल्स आदि सामानहरु शिलबन्दी बोलपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त निर्माता/ सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रहने गरी शिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

१. बोलपत्र फारम यो सूचना प्रकाशित मितिले ३० (तीस) दिन भित्र प्रत्येक प्याकेजका लागि छुट्टाछुट्टै रु.१०००।-(फिर्ता नहुने गरि) बोलपत्रदाताहरुले बुझाई लिखित निवेदनको साथमा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर कार्यालयमा दर्ता गरिएको प्रमाणपत्र, गुणस्तर चिन्ह प्राप्त गरेको प्रमाणपत्र तथा आ.व. ०७१/०७२ सम्मको कर तिरेको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपहरु यस कार्यालयमा पेश गरि बोलपत्र फारम खरिद गर्न सकिनेछ।

२. बोलपत्र पेश गर्दा माथि उल्लेखित प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी कार्यालयबाट विक्री भएको बोलपत्र फारममा दररेट महलको अंक र अक्षर दुवै स्पष्ट उल्लेख गरि बोलपत्र फारममा उल्लेख भए बमोजिमको जमानत वापतको धरौटी रकम को. तथा ले.नि. कार्यालय, तनहूँको नेपाल बैंक लि. दमौलीमा रहेको धरौटी खाता ख ३/१/७६९३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको मान्यता प्राप्त वाणिज्य बैंकको कम्तिमा १२० दिन म्याद भएको बैंक जमानीपत्र (विडवण्ड) साथै उल्लेखित सम्पूर्ण कागजात संलग्न गरि सूचना प्रकाशित भएको मितिले ३१ (एकतीसौँ) दिन दिनको १:०० बजेसम्म कामको विवरण समेत उल्लेख गरिएको शिलबन्दी खाम यस कार्यालयमा पेश गरिसक्नुपर्नेछ।

३. दर्ता हुन आएका बोलपत्र दर्ता हुने अन्तिम दिन दिनको १:०० बजे उपस्थित बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयभित्र नै खोलिने छ। बोलपत्रदाताहरुको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४. बोलपत्र खरिद गर्ने दर्ता गर्ने र खोलिने अन्तिम दिन विदा पर्न गएमा त्यसकोपछि लगतै कार्यालय खुलेको दिन क्रमशः सो कार्यहरु गरिनेछ।

५. म्यादभित्र दर्ता हुन नआएको तथा अन्य कुनै रित नपुगेको बोलपत्र उपर कुनै किसिमको कारवाही हुने छैन।

६. पेश भएको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।

७ . अन्य कुनै किसिमको थप जानकारी चाहिएमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

८. यस सूचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ अनुसार हुनेछन्।

तपसिल

बोलपत्र नं./प्याकेज	कामको वितरण	ल.इ.रकम (मु.अ.कर बाहेक)	धरौटी रकम	डेलिभरी स्थान
१६/०७२-०७३	फिटिङ्स, टुल्स आदि सामान अपूर्ति गर्ने काम	४७८६५७१।७०	१३६०००।००	दमौली

डिभिजन प्रमुख